"पाँचखाल नगर-कृषि सहर"

# पाँचखाल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

फोन नं. ०११-४९९४५१

फ्याक्स नं. ०११-४९९२३७

प.सं.: ०७७/७८

च.नं.: ३२३

मिति: २०७७/०४/२२

श्री वडा कार्यालय सबै,
पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक ।

विषय : **कोरोना भाइरस सम्बन्धमा ।**

प्रस्तुत विषयमा मिति २०७७/०४/२१ गते बसेको नगरस्तरीय कोभिड-१९ निर्देशन समितिको बैठकबाट देहाय अनुसारको निर्णय भएको हुँदा उक्त निर्णय कार्यान्वयनको लागि आवश्यक सहयोग पुऱ्याई दिनुहुन अनुरोध छ ।

**निर्णय**

१. प्रत्येक दिन आफ्नो वडामा रहेको कोरोनासँग मिल्दो शंकास्पद लक्षण देखिएका व्यक्तिहरुको विवरण प्रत्येक स्वास्थ्य संस्थाहरुले पाँचखाल नगरपालिका, स्वास्थ्य शाखामा जानकारी वा विवरण उपलब्ध गराउने ।

२. यस नगरपालिकामा लकडाउन खुलेपछि आ-आफ्नो वडामा के कति व्यक्ति कहाँ-कहाँबाट आएका हुन र कसरी बसेका छन् त्यसको विवरण स्वास्थ्य संस्था वा वडा कार्यालयबाट अविलम्व नगरपालिका, स्वास्थ्य शाखामा उपलब्ध गराउने ।

३. बाहिरी जिल्लाबाट आई घर बहालमा बसोबास गरेका व्यक्तिहरुको विवरण घरधनिले संकलन गरी सोको जानकारी वडा कार्यालयमा तुरुन्त गराउने, उक्त कार्यको लागि नगरपालिकाबाट सूचना प्रवाह गर्ने, विवरण लिन सम्बन्धित कार्यालयबाट पहल गर्ने ।

४. वडास्तरबाट प्रवाह गरिने सबै प्रकारका सेवासँग सम्बन्धित दस्तुर/राजश्वहरु सम्बन्धित वडा कार्यालयबाट नै संकलन गरिने सूचना प्रकाशन/टाँस गरी सम्पूर्ण वडाबासीहरुलाई सु-सुचित गर्ने व्यवस्था मिलाउने ।

लोक बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत